# प्रेस वक्तव्य

UNITED NATIONS HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER
Nepal

बिहीबार, २०६८ कात्तिक २४

**मानवअधिकार उल्लङ्घनका आरोपित पीडकहरूलाई**
**नियुक्ति, क्षमादान र बढुवा गर्ने सरकारका हालैका निर्णयहरूप्रति**
**राष्ट्रसङ्घ चिन्तित**

काठमाडौं, २०६८ कात्तिक २४ – नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालय (उच्चायुक्तको कार्यालय–नेपाल)ले नेपालमा गम्भीर अपराध तथा मानवअधिकार दुर्व्यवहारमा मुछिएका सार्वजनिक अधिकारीहरूलाई नियुक्ति, बढुवा र क्षमादान गर्ने नेपाल सरकारका हालैका शृङ्खलाबद्ध निर्णयहरूप्रति आज चिन्ता व्यक्त गरेको छ। वरिष्ठ राजनीतिज्ञ र नेपालका सुरक्षाफौजका अधिकारी दुवैका सम्बन्धमा लिइएका यस्ता निर्णयहरूले देशमा दण्डहीनतालाई सम्बोधन गर्ने प्रयासहरूलाई अवमूल्यन गर्नुका साथै शान्ति प्रक्रियामा हालै भएको सकारात्मक प्रगतिमा धब्बा लगाउनेछ।

हालसालै, २०६८ कात्तिक २२ गते मन्त्रिपरिषद्ले सन् २००५ मा भएको अर्जुन लामाको अपहरण र हत्यासँग सम्बन्धित स्थायी पक्राउ पुर्जी जारी भएका संविधानसभा सदस्य सूर्यमान दोङलाई ऊर्जा राज्यमन्त्रीमा नियुक्ति गर्ने निर्णय गर्‍यो। लामाको घटनामै मुछिएका संविधानसभा सदस्य अग्नि सापकोटालाई मईमा सरकारको मन्त्री नियुक्ति गर्ने यस्तै सरकारी निर्णयपछि यो निर्णय भएको हो। सोही बैठकमा मन्त्रिपरिषद् संविधानसभा सदस्य बालकृष्ण ढुङ्गेललाई क्षमादान गर्न राष्ट्रपतिसमक्ष अनुरोध गर्न पनि सहमत भयो। ढुङ्गेल सन् २००४ मा एउटा हत्याको अभियोगमा दोषी पाइएका थिए र सो निर्णयलाई सर्वोच्च अदालतले सन् २०१० मा सदर गरी त्यसयता सजाय भोग्नु नै पर्ने कुरालाई पुनर्पुष्टि गर्दै आएको छ।

एक साताअघि सरकारले दुर्जकुमार राईलाई सशस्त्र प्रहरी बलको अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्ने निर्णय गर्‍यो। सन् २००६ मा भएको लोकतान्त्रिक आन्दोलनमा सहभागी प्रदर्शनकारीहरूको हत्यामा उनी प्रत्यक्ष मुछिएको र रायमाझी आयोगले उनलाई फौजदारी अभियोजन गर्न सिफारिस गरेको भए तापनि राईको बढुवालाई अनुमोदन गरिएको थियो। सन् २०११ जुलाईमा नेपाली सेनाले पनि सहायकरथी भिक्टर राणालाई सन् २००३ र २००४ मा महाराजगन्त्र ब्यारेकमा भएका स्वेच्छाचारी थुना, यातना र बेपत्ता पार्ने कार्यका कैयौं मुद्दाहरूका सम्बन्धमा उनको आरोपित कमान जिम्मेवारीका बाबजुद उपरथीमा बढुवा गरेको थियो। न राई न राणाले नै यी अपराधका लागि फौजदारी अनुसन्धान वा अभियोजनको सामना गर्नुपरेको छ।

"नेपाल सरकारले शान्ति प्रक्रियालाई अगाडि बढाउन तथा विगतका अपराधहरूका लागि सङ्क्रमणकालीन न्याय संयन्त्रहरू स्थापना गर्न महत्त्वपूर्ण र सकारात्मक कदम चाले पनि यस्ता निर्णयहरूले दण्डहीनतालाई अझ बलियो बनाउने प्रवृत्तिलाई स्थापित गर्नेछन् र गलत समयमा गलत सन्देश दिनेछन्," उच्चायुक्तको कार्यालयकी प्रमुख ज्योति साङ्गेराले भन्नुभयो। "सरकारले नेपालको न्यायपालिका र कानुनी शासनको सम्मान गर्नुपर्छ।"

Office of the High Commissioner
for Human Rights

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937